# स्थानीय राजपत्र

**घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड ३) घ्याङलेख, बैशाख १२ गते, २०७६ साल (अतिरिक्ताङ्क १

## भाग २

## घ्याङलेख गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### हायुटार, सिन्धुलीको

### <u>सूचना</u>

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७६ साल कार्यविधी नं. १**

# घ्याङलेख गाउँपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धि कार्यविधि, २०७६

**प्रस्तावना :** घ्याङलेख गाउँपालिका क्षेत्रभित्र संचालित एवं संचालन हुने विभिन्न व्यवसायिक गतिविधिहरुलाई कानुनी दायरामा ल्याउन, व्यवसाय संचालन मार्फत गाउँपालिकाको आन्तरिक आम्दानीलाई समेत टेवा पुऱ्याउन, स्वच्छ, मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रर्बद्धन मार्फत उपभोक्ताको हित संरक्षण गर्न साथै स्थानीय सरकार र आम व्यवसायीहरु बीच सुमधुर सम्बन्ध स्थापित गर्दै साझेदारीमा आधरित विकासलाई अगाडि बढाउन वाञ्छनिय भएकोले घ्याङलेख गाउँपालिकाको प्रशासकीय कार्यविधि ऐन, २०७५ को दफा बमोजिम गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम **"घ्याङलेख गाउँपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७६"** रहेको छ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) "कार्यालय" भन्नाले यस घ्याङलेख गाउँपालिकाको कार्यालय सम्झनु पर्नेछ।

ख) "शाखा" भन्नाले यस घ्याङलेख गाउँपालिकामा रहेका सम्वन्धित विषयगत शाखा सम्झनु पर्नेछ।

ग) "वडा कार्यालय" भन्नाले यस घ्याङलेख गाउँपालिका अर्न्तगतका ५ वटै वडा कार्यालयहरु सम्झनु पर्नेछ।

घ) "अध्यक्ष" भन्नाले यस घ्याङलेख गाउँपालिकाको अध्यक्ष सम्झनु पर्नेछ।

ङ) "उपाध्यक्ष" भन्नाले यस घ्याङलेख गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्नेछ।

च) ''कार्यपालिका सदस्य'' भन्नाले यस घ्याङलेख गाउँपालिकाको कार्यपालिकाको सदस्यहरुलाई सम्झनु पर्नेछ ।

छ) ''प्रमुख प्रशासकीय अधिकृत'' भन्नाले यस घ्याङलेख गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्नेछ ।

ज) ''वडा समिति'' भन्नाले यस घ्याङलेख गाउँपालिकाको ५ वटै वडाका समितिहरु सम्झनु पर्नेछ ।

झ) ''व्यवसायी'' भन्नाले यस घ्याङलेख गाउँपालिका भित्रका सम्वन्धित व्यवसायी, व्यक्ति वा संस्था सम्झनु पर्नेछ ।

ञ) ''कार्यविधि'' भन्नाले व्यवसाय दर्ता तथा नविकरण सम्वन्धि कार्यविधि-२०७६ सम्झनु पर्नेछ ।

**३) क्षेत्र** : यस घ्याङलेख गाउँपालिका क्षेत्र भित्रका सबै व्यवसायिहरुलाई यस कार्यविधिले समेटनेछ ।

**४) विषयगत क्षेत्र** : विषयगत क्षेत्र अन्तर्गत करका दायरा भित्र देहाएका क्षेत्रहरु पर्नेछन् ।

क) दैनिक उपभोग्य सामाग्रीहरु खाद्यान्न, थोक तथा खुद्रा पसल
ख) होटल व्यवसाय
ग) पशुपालन फर्म
घ) नर्सरी
ङ) उद्योग तथा कल कारखाना
च) कृर्षि फर्म
छ) औषधि पसल
ज) वर्कशप, ग्यारेज
झ) निर्माण व्यवसाय
ञ) टेलर्स
ट) कुखुरा पालन फर्म आदी ।

घ्याङलेख गाउँपालिका

## परिच्छेद २

## व्यवसाय दर्ता सम्वन्धी व्यवस्था

**५ व्यवसाय दर्ता प्रकृया :**

१) व्यवसाय दर्ता गर्नुपर्ने: प्रत्येक व्यवसायीले सम्वन्धित गाउँपालीका कार्यालयमा आ-आफ्नो व्यवसाय अनिवार्य दर्ता गर्नुपर्नेछ ।

२) सूचना प्रकाशन गरीने: व्यवसाय दर्ताको लागि सूचना स्थानिय संचार माध्यमबाट प्रकाशन गरिनेछ।

३) तोकिएको समयभित्र व्यवसाय दर्ता गर्नुपर्ने: हाल संचालनमा रहेका सम्पूर्ण व्यवसायीले २०७६ भाद्र १५ गते सम्ममा अनिवार्य दर्ता गरिसक्नुपर्नेछ । साथै नयाँ व्यवसाय संचालन गर्ने व्यवसायिले व्यवसाय संचालन गरेको मितिले १ महिना भित्र अनिवार्य आफ्नो व्यवसाय दर्ता गरिसक्नुपर्नेछ ।

**६. दर्ताका लागि आवश्यक कागजातहरु** : व्यवसाय दर्ताका लागि व्यवसायीले देहायका कागजातहरु सहित अनुसूची २ बमोजिमको ढाचाँमा गाउँकार्यपालिकाको कार्यालयमा निवेदन पेश पर्नुपर्नेछ ।

१) हालसालै खिचेको २ प्रति फोटो

२) नागरिकता प्रमाणपत्रको प्रतिलिपी

३) वडा कार्यालयको सिफारिस

४) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी

५) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा

६) उद्योगको हकमा सधियारको मञ्जुरीनामा

**७. प्रमाणपत्र सम्वन्धी व्यवस्था** : माथि दफा ६ मा उल्लेखित कागजातहरु प्राप्त भई सके पश्चात तोकिएको दस्तुर लिई कार्यालयले अनुसूची-१ बमोजिमको ढाचाँमा दर्ताको प्रमाण-पत्र दिनेछ ।

घ्याङलेख गाउँपालिका

**८. व्यवसाय नवीकरण सम्वन्धी व्यवस्था** : प्रत्येक व्यवसायीले आर्थिक वर्षको असार मसान्तसम्म आफ्नो व्यवसाय अनिवार्य रुपमा गाउँकार्यपालिकाबाट नविकरण गरिसक्नुपर्नेछ । व्यवसाय नविकरण को प्रमाणपत्र कार्यालयले व्यवस्था गरे बमोजिम हुनेछ ।

**९. व्यवसाय दर्ता तथा नवीकरण शुल्क र पुनरावलोकन सम्बन्धी व्यवस्था** :

१) व्यवसाय दर्ता/नविकरण सम्बन्धी शुल्क/दस्तुर घ्याङलेख गाउँपालिका आर्थिक ऐन बमोजिम हुनेछ ।

२) चालु आ.व.को हकमा अनुसूची-४ मा उल्लेख भए बमोजिमको व्यवसाय दर्ता शुल्क/दस्तुर लिईनेछ ।

३) आ.व. समाप्त भएपछि व्यवसाय दर्ता/नविकरण शुल्कमा गाउँकार्यपालिकाले पुनरावलोकन गर्न सक्नेछ ।

४) उपदफा (३) बमोजिम पुनरावलोकन गरिएको व्यवसाय दर्ता/नविकरण शुल्क सम्वन्धी जानकारी स्थानिय संचार माध्यम वा अन्य कुनै माध्यमबाट सार्वजनिक गरिनेछ ।

## परिच्छेद ३

## अनुगमन तथा कारवाही

**१०. मूल्यसूची सम्बन्धी व्यवस्था** : सम्पूर्ण व्यवसायीहरुले अनिवार्य रुपमा उपभोक्ताहरुले प्रस्टसँग देख्ने गरी मुल्यसुची राख्नुपर्नेछ ।

**११. बजार अनुगमन सम्बन्धी व्यवस्था** : यस गाउँपालिका भित्र संचालन भएका व्यापार व्यवसायलाई स्वस्थ, व्यवस्थित बनाउन नियमित अनुगमन गरिनेछ । बजार अनुगमन सम्बन्धी अन्य व्यवस्था घ्याङलेख गाउँपालिका बजार अनुगमन निर्देशिका, २०७६ बमोजिम हुनेछ ।

घ्याङलेख गाउँपालिका

**१२. दर्ता खारेजी र व्यवसाय बन्द सम्बन्धी व्यवस्था** : " घ्याङलेख गाउँपालिका बजार अनुगमन निर्देशिका, २०७६" मा भएको व्यवस्था प्रतिकूल कार्य गरेमा सोही बमोजिम तथा देहायका कार्य गरेमा व्यवसायको दर्ता खारेजी वा व्यवसाय बन्द गरिनेछ ।

क) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा

ख) निषेध गरिएका सामाग्रीहरु बेचबिखन गरेमा

ग) कालाबजारी गरेमा

घ) गुणस्तरहीन सामाग्रीहरु बेचविखन गरेमा

ङ) म्याद नाघेका सामाग्रीहरु बेचविखन गरेमा

च) चर्को मूल्यमा सामाग्रीहरु बेचविखन गरेमा

छ) प्रदुषित, फोहर सामाग्रीहरु बेचविखन गरेमा

**१३. कारवाही र जरिवाना सम्वन्धी व्यवस्था** : (१) बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको तुरुन्त जरिवाना गरिनेछ :-

| **विवरण** | **जरिवाना** |
|---|---|
| क) मूल्यसूची नराखेमा | रु. ५००।- |
| ख) प्रमाणपत्र नराखेमा | रु. ५००।- |
| ग) तोकिएको समयभित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा | रु. १०००।- |
| घ) गुणस्तरहिन सामाग्रीहरु बेचविखन गरेमा | रु. १५००।- |
| ङ) म्याद नाघेका सामाग्रीहरु बेचविखन गरेमा | रु. १५००।- |
| च) बजार मूल्य भन्दा चर्को मूल्यमा सामाग्रीहरु बेचविखन गरेमा | रु. २०००।- |
| छ) प्रदुषित, फोहोर सामाग्रीहरु बेचविखन गरेमा | रु. २०००।- |

घ्याङलेख गाउँपालिका

(२) उपदफा (१) बमोजिम जरिवाना गरिसके पश्चात पनि कुनै व्यवसायीले आफ्नो कमजोरी सुधार नगरेको पाईएमा त्यस्ता व्यवसायिलाई सोहि अनुरुप दोब्बर जरिवाना गरिनेछ ।

## परिच्छेद ४

## विविध

**१४. बाधा अड्काउ सम्बन्धी व्यवस्था** : (१) यो कार्यविधिको कार्यन्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अवरोध हटाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार व्यवस्था गर्न सक्नेछ ।

**१५. विशेष व्यवस्था** : मााथि अन्यत्र जुनसुकै व्यवस्था उल्लेख गरिएको भएता पनि प्रदेश कानुन नबनुन्जेलसम्म वा गाउँपालिकाले बनाएको अर्को ऐन कानुनले खारेज नगरेसम्म यो कार्यविधिमा भएका व्यवस्था पूर्ण रुपमा सक्रिय रहनेछन् ।

घ्याङलेख गाउँपालिका

अनुसूची-१

दफा (७) सँग सम्बन्धीत

# घ्याङलेख गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हायुटार, सिन्धुली

३ नं. प्रदेश, नेपाल

फोटो

**व्यवसाय दर्ता प्रमाण-**

प्रमाण-पत्र नं. | | | | |

श्री ..........................,

घ्याङलेख गाउँपालिका वडा नं. ......., सिन्धुली ।

प्रस्तुत विषयमा तपाईलाई घ्याङलेख गाउँपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०७६ को दफा (७) बमोजिम यो प्रमाण-पत्र प्रदान गरीएको छ । प्रचलित नियमानुसार उपभोक्ताको हित संरक्षण गरि मर्यादित तवरले आफ्नो व्यवसाय संचालन गर्नुहुन अनुरोध छ ।

| | |
|---|---|
| व्यवसायको नाम | |
| व्यवसायको प्रकार | |
| व्यवसाय संचालन गर्ने स्थान | |
| कुल स्थीर पुँजी | |

नोटः यो प्रमाणपत्र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ र व्यवशाय दर्ता तथा नवीकरण सम्वन्धि कार्यविधि, २०७६ बमोजिम जारी गरिएको छ ।

**कार्यालयको छाप**

**प्रमाण-पत्र जारी गर्नेको**

सही :-

नाम :-

पद :-

मिति :-

| **नविकरण मिति** | **असुली आ.व.** | **रसिन नं.** | **दस्तखत** | **कैफियत** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

घ्याङलेख गाउँपालिका

१) प्रत्येक आर्थिक बर्षको लागी तोकिएको बार्षिक कर उक्त आ.व. को २ महिना भित्र बुझाई प्रमाणपत्र नविकरण गर्नुपर्नेछ । गाउँपालिकाबाट व्यवसाय कर टोली खटाईएको अवस्थामा व्यवसायिको कार्यस्थलमै व्यवसाय प्रमाणपत्र नविकरण गर्न सकिनेछ ।

२) व्यवसायि गरी आएको स्थान परिवर्तन गर्न परेमा वडा कार्यालयको सिफारीसमा गाउँपालिकाबाट पूर्व स्वीकृति लिनुपर्नेछ ।

३) व्यवसाय बन्द गर्नुपरेमा व्यवसायिले गाउँपालिकाको सम्बन्धित वडा कार्यालयको सिफारिसमा कार्यालयबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रुपमा लिनुपर्नेछ । अन्यथा व्यवसायि चालु नै रहेको मानी साल बसाली रुपमा कर लाग्नेछ ।

४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देखीने गरी राखिनुपर्दछ र गाउँपालिकाको कर्मचारीले हेर्न चाहेको बखतमा तुरुन्त देखाउनु पर्दछ ।

५) कुनैपनि किसिमको व्यवसायिक गतिविधिमा बाल श्रमिकहरु प्रयोग गर्न पाईने छैन यदि सो गरीएको पाईएमा प्रचलित कानून बमोजिम कारबाही गरी व्यवसाय दर्ता खारेजी गर्न सकिनेछ ।

६) व्यवसायबाट उत्पादन हुने फोहरमैला उचित व्यवस्थापन गर्ने दायित्व व्यवसायिको हुनेछ ।

७) व्यवसाय सञ्चालनको सिलसिलामा गाउँपालिका बाट समय समयमा दिने निर्देशनको पालना गर्नु व्यवसायको कर्तव्य हुनेछ ।

८) उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँपालिकाले जुनसुकै बखतमा पनि यो प्रमाणपत्र रद्ध गरी व्यवसाय बन्द समेत गर्न सक्नेछ ।

९) यो प्रमाणपत्र कर प्रयोजनको लागि जारी गरिएको हो । कुनै पेशा वा व्यवसाय प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमति लिएर मात्र सञ्चालन गर्नुपर्ने भएमा सो समेत लिएर मात्र सञ्चालन गर्नुपर्नेछ ।

घ्याङलेख गाउँपालिका

अनुसूची २

दफा ६ सँग सम्बन्धित

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु
घ्याङलेख गाउँकार्यपालिकाको काार्यालय
हायुटार, सिन्धुली ।

विषय : व्यवसाय दर्ता/नविकरण गरी पाउँ ।

महोदय,

प्रस्तुत विषयमा मैले तपशील अनुसारको व्यवसाय संचालन गर्न इच्छुक रहेकोले नियमानुसार व्यवसाय दर्ता/नविकरण गरिदिनहुन अनुरोध छ ।

व्यवसायको नाम :..........................................................................

व्यवसायको प्रकार :......................................................................

कुल स्थिर पुँजी :..........................................................................

व्यवसाय संचालन गर्ने स्थान :.........................................................

**<u>संलग्न कागजातहरु :</u>**

(१) हालसालै खिचेको २ प्रति फोटो

(२) नागरिकता प्रमााण पत्रको प्रतिलिपी

(३) वडा कार्यालयको सिफारिस

(४) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी

(५) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा

(६) उद्योगको हकमा सधियारको मञ्जुरीनामा

**निवेदक :**
नाम :
ठेगाना :
मिति :

घ्याङलेख गाउँपालिका

अनुसुची-३

ध्याङलेख गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

व्यवसाय कर दर्ता किताब

करदाता प्रमाणपत्र नं. :

जारी भएको मिति :

**व्यवसायको विवरण**

१) व्यवसायको प्रकृतिः

२) व्यवसायको किसिम :

३) रहने स्थान/ठेगाना :

वडा नं. घर नं. :

४) अन्य :

५) बाजेको नाम :

६) सम्पर्क फोन नं. :

७) अन्य :

**परिचयपाटी विवरण**

१) लेख्ने विवरण :

फर्म/कं. को नाम :

२) साईज :

३) किसिम :

जारी भएको जिल्ला :

४) घरधनीको नाम :

**व्यवसायिको विवरण**

१) नाम थर :

२) नागरकिता नं.:

३) ठेगाना : स्थायीः

अस्थायी :

४) बावुको नाम :

| असुली | आ.व. | मिति | निवेदन दस्तुर | दर्ता शुल्क | चालु आ.व.को व्यवसाय कर रु. | परिचय पाटि | वक्यौता | जरिवाना | जम्मा रकम | रसिद नं. | प्रमाणित गर्नेको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

## अनुसुची-४

## दफा ९ सँग सम्बन्धित

## चालु आ.व. को व्यवसाय दर्ता शुल्क विवरण

| | |
|---|---|
| १. दैनिक उपयोग सामाग्रीहरु खाद्यान्न, थोक तथा खुद्रा पसल | रु १०००।- |
| २. होटल व्यवसाय | रु १०००।- |
| ३. पशुपालन फर्म | रु १०००।- |
| ४. नर्सरी | रु १०००।- |
| ५. उद्योग तथा कल कारखाना | रु १०००।- |
| ६. कृषि फर्म | रु १०००।- |
| ७. औषधी पसल | रु १५००।- |
| ८. वर्कशप, ग्यारेज | रु २०००।- |
| ९. टेलर्स | रु १०००।- |
| १०. कुखुरापालन फर्म | रु १०००।- |

**प्रमाणीकरण मिति २०७६।०१।१२**

**आज्ञाले,**

**सन्तोष नेपाली**

**प्रमुख प्रशासकीय अधिकृत**